परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(प्रशासन,योजना तथा अनुगमन शाखा)
लौकाहा,रौतहट
मधेश प्रदेश, नेपाल
फोनः९८५५०४४०२३,Website:www.parohamun.gov.np,ईमेलःparohanapa@gmail.com

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा, रौतहट मधेश प्रदेश नेपाल

पत्र संख्याः२०७९/०८०
च.नं.

मितिः-२०७९/१०/०१

सूचना i    सूचना ii    सूचना iii

## केरा पकेट विकास कार्यक्रम सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशित मिति - २०७९/१०/२**

उपर्युक्त सम्बन्धमा यस परोहा नगरपालिकाको लागी चालु आ.व.२०७९/०८० का लागी सशर्त अनुदान कार्यक्रम अन्तर्गत केरा पाकेट विकास कार्यक्रम सञ्चालन गर्नको लागी ईच्छुक किसान/उधमी/कृषक समुह/ कृषि सहकारी संस्थाहरु वा साझेदारीमा कार्य गर्ने सँघ संस्थाहरुले आवश्यक कागजात सहित योज सूचना प्रकाशित भएको मिति देखी ७ दिन भित्र कार्यालय समयमा तोकिएको शर्तको अधिनमा रही आवश्यक कागजात सहित माग पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्यक्रम | स्थान | प्रस्तावित बजेट |
|---|---|---|---|
| १ | नयाँ केरा पकेट विकास कार्यक्रम | परोहा-६ बसन्तपटी | रु.१२०००००/- |

शर्तहरुः-

१. सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अनुसूची १० बमोजिमको ढाँचामा माग पत्र पेश गर्नु पर्ने साथै साझेदारीमा गर्ने संघ संस्थाले आफुले लगानी गर्ने रकम सहितको प्रस्ताव पेश गर्नु पर्ने।

२.रितपूर्वक पेश भएका माग पत्र वा साझेदारी प्रस्ताव मध्ये स्वीकृत भएका माग पत्रको नतिजा प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन प्रकाशित गरिने छ।

३.म्याद नाघी आएका माग पत्र वा साझेदारी प्रस्ताव सामेल गरिने छैन।

४.माग पत्र वा साझेदारी प्रस्तावको नतिजा प्रकाशित गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट प्रकाशित गरिने छ।

५.माग पत्र वा साझेदारी प्रसताव स्वीकृत भए पछि यस कार्यालयले तोकेको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक सूचीमा रहेका लाई मौका दिईने छ।

६. माग पत्र वा साझेदारी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. विशेष जानकारीका लागी यस कार्यालयको सम्बन्धित शाखा वा कार्यालय प्रमूखसँग सम्पर्क गरी जानकारी लिन सकिने छ।

<u>संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः-</u>

१.निवेदन

२.पकेट कार्यक्रम माग सम्बन्धी प्रस्तावना।

३.सम्बन्धित निकायमा कृषि फर्म/कृषक समूह/सहकारी संस्था/संघ संस्था वा समिति दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

४.निवेदक व्यक्ती भएमा नागरिकाताको प्रतिलिपी तथा संघ संस्था, समूह भएमा दर्ता,नविकरण र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

मो.महेफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

CamScanner